# इच्छाकामना गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः ७ संख्याः ६

मितिः२०८०।०४।०५

## भाग–२

## इच्छाकामना गाउँपालिका

**इच्छाकामना गाउँपालिकामा करार शिक्षक तथा विद्यालय कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि, २०८०**

इच्छाकामना गाउँपालिका

कुरिनटार चितवन

**इच्छाकामना गाउँपालिकामा करारमा शिक्षक तथा विद्यालय कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि, २०८०**

**प्रस्तावना**

स्थानीय सरकार संचालन ऐन, २०७४ मा व्यवस्था भए बमोजिम आधारभूत र माध्यमिक शिक्षा सम्बन्धी नीति, मापदण्ड योजना तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्याङकन र नियमन गर्ने लगायतका कार्यहरु स्थानीय तहको भएको र इच्छाकामना गाउँपालिकाभित्रका सामुदायिक विद्यालयहरुको स्वीकृत दरबन्दीमा करार शिक्षक तथा विद्यालय कर्मचारी नियुक्ति सम्बन्धि व्यवस्थालाई व्यवस्थित र मर्यादित बनाउन आवश्यक भएकोले इच्छाकामना गाउँशिक्षा ऐन २०७४ को दफा ३७ ले दिएको अधिकार प्रयोग गरी इच्छाकामना गाउँकार्यपालिकाले मिति २०८०/०४/०५ मा यो कार्यविधि स्वीकृत गरी जारी गरेकोछ।

**परिच्छेदः १**

**प्रारम्भिक**

१. **संक्षिप्त नाम र प्रारम्भः**

१.१ यस कार्यविधिको नाम "इच्छाकामना गाउँपालिकामा करारमा शिक्षक तथा विद्यालय कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि, २०८० रहेको छ।

१.२ यो कार्यविधि कार्यपालिकाले निर्णय गरेको मितिबाट प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

२.१ "गाउँपालिका" भन्नाले इच्छाकामना गाउँपालिकालाई सम्झनुपर्दछ।

२.२ "ऐन" भन्नाले इच्छाकामना गाउँपालिका शिक्षा ऐन, २०७४ लाई सम्झनुपर्दछ।

२.३ "अध्यक्ष " भन्नाले गाउँपालिकाको अध्यक्ष सम्झनु पर्दछ।

२.४ "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले इच्छाकामना गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत सम्झनुपर्दछ।

२.५ "शाखा" भन्नाले गाउँपालिकाको शिक्षा शाखालाई सम्झनुपर्दछ

२.६ "शिक्षा प्रमुख" भन्नाले शिक्षा शाखाको प्रमुख जिम्मेवारी सम्हाल्न तोकिएको कर्मचारीलाई सम्झनुपर्दछ।

२.७ "विद्यालय व्यवस्थापन समिति" भन्नाले इच्छाकामना गाउँपालिका शिक्षा ऐन,२०७४ को दफा १२ बमोजिम गठन भएको समिति सम्झनुपर्दछ।

२.८ "कार्यविधि"भन्नाले इच्छाकामना गाउँपालिकामा करार शिक्षक तथा विद्यालय कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि, २०८० रहेको छ।

२.९ "कार्यालय" भन्नाले इच्छाकामना गाउँपालिकागाउँकार्यपालिकाको कार्यालयसम्झनु पर्दछ।

२.१० "शिक्षक" भन्नाले स्वीकृत दरबन्दी, राहात, अनुदान कोटा, गाउँपालिकाको निजी स्रोत कोटा र लियनमा कार्यरत शिक्षकलाई सम्झनु पर्दछ।

२.११ "विद्यालय कर्मचारी भन्नाले विद्यालय सहयोगी विद्यालय सहायक वा शिक्षक बाहेक विद्यालयमा नियमित हाजिर भई तलबभत्ता लिने अन्य कर्मचारीलाई बुझ्नुपर्दछ।

२.१२ "विषय विशेषज्ञ" भन्नाले आधारभूततह (कक्षा (१–८)र माध्यमिकतह (कक्षा ९–१२) सम्म शिक्षक छनौट परीक्षा संचालनकालागि यस इच्छाकामना गाउँपालिकाबाट सूचिकृत भएका प्राथमिक, निम्नमाध्यमिक, माध्यमिकतहका शिक्षकहरुलाई सम्झनु पर्दछ

२.१३ "स.का." भन्नाले बालविकास सहजकर्तालाई सम्झनुपर्दछ।

२.१४ "समिति" भन्नाले शिक्षक छनौट समिति भन्ने सम्झनुपर्दछ।

## परिच्छेदः २
## पदपूर्ति र छनौट प्रकृया

**३. पदपूर्ति**:(१) गाउँपालिका भित्रका विद्यालयमा रिक्त शिक्षक तथा विद्यालय कर्मचारी पदमा पदपूर्ति गर्नका लागि गाउँपालिकाले शैक्षिक योग्यता, पारिश्रमिक, सेवा शर्त समेत तोकी सम्बन्धित कार्यालयको सूचनापाटी, वेभसाईट तथा अन्य कुनै सार्वजनिक स्थलमा कम्तीमा १५ (पन्ध्र) दिनको सूचना प्रकाशन गर्नुपर्नेछ।

(२) उपदफा (२) बमोजिम शिक्षकको आवेदन माग गर्दा सम्बन्धित तहको अध्यापन अनुमति पत्र (लाईसेन्स) प्राप्त गरेका व्यक्तिले मात्र आवेदन दिन सक्नेछन्।

(३) आवेदन दस्तुर गाउँपालिकाबाट निर्धारण भए बमोजिम हुनेछ।

(४) विज्ञापनको म्याद समाप्त भएपछि परिच्छेद ३ को दफा १ बमोजिमको छनौट समितिले करारमा शिक्षक तथा विद्यालय कर्मचारीको छनौट गरी नियुक्ति का लागि शिक्षा युवा तथा खेलकुद शाखा समक्ष सिफारिस गर्नेछ।

(५) गाउँपालिका भित्रका सामुदायिक विद्यालयहरुमा रिक्त भएका वा हुन सक्ने पदका लागि प्रत्येक वर्ष एक पटक विभिन्न तहका शिक्षक तथा विद्यालय कर्मचारी तत्काल पुर्ति गर्न एकमुष्ठ योग्यताक्रम सूची तयार गरिनेछ।

**४. छनौट प्रक्रियाः(१)** दफा ३ बमोजिमका शिक्षक तथा विद्यालय कर्मचारी कार्यालयले करारमा राख्ने प्रयोजनको लागि छनौट सम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछः

(२) उपदफा (२) बमोजिम पर्न आएका आवेदनहरु देहायको आधारमाशिक्षक छनौट समितिले मूल्याङ्कन गरी छनौट गर्नुपर्नेछ :

क. शैक्षिक योग्यता वापत –६० (साठी) अंक, (विशिष्ट श्रेणी वापत –६०, प्रथम श्रेणी वापत –५५, द्धितीय श्रेणी वापत –५०, तृतीय श्रेणी वापत –४५, (त्रिभुवन विश्वविद्यालयको अंक गणनाका आधारमा)।

ख. कार्य अनुभव वापत –१०(दश) अंक, (प्रति वर्ष २ अंकको दरले, प्रमाणित विवरण संलग्न भएको हुनुपर्ने)।

ग. स्थानीय बासिन्दालाई देहाय बमोजिम –१० (दश) अंक

१. सम्बन्धित गाउँपालिकाको बासिन्दा भएमा –१० अंक

२. सम्बन्धित जिल्लाको बासिन्दा भएमा –५ अंक

घ. प्रयोगात्मक परीक्षा –२0 अंक

यस अनुसार अंक प्रदान गर्दा सम्बन्धित शिक्षकको नमुना कक्षा अवलोकन गरी देहायको आधारमा अंक प्रदान गरिनेछ

१.दैनिक पाठयोजना वापत –५

२.विषयवस्तु प्रवेश र प्रस्तुतीकरण –५

३.शैक्षिक सामग्रीको प्रयोग –५

४.शिक्षण सिकाइ क्रियाकलाप –५

ङ. अन्तर्वार्ता– २० अंक

यस अनुसार अकं प्रदान गर्दा न्युनतम ८ (आठ) र अधिकतम १४ (चौध) को सीमाभित्र रही प्रदान गरिनेछ।

(३) उपदफा(२)बमोजिम उच्चतम अंक प्राप्त गर्ने उम्मेदवारहरुलाई शिक्षक तथा विद्यालय कर्मचारी छनौट समितिले सफल उम्मेदवारको सूची प्रकाशन गर्नेछ। यस्तो सूचीबाट योग्यताक्रमको आधारमा शिक्षा,युवा तथा खेलकुद शाखाले करार नियुक्ति गर्नेछ।

(४) छनौट समितिमा विज्ञ छनौट गर्दा गाउँपालिकामा सूचिकृत विषय विज्ञ मध्येबाट परीक्षा हुने दिन बिहान छनौट समितिको संयोजक, सदस्य र सदस्य सचिवको रोहवरमा गोलाप्रथाद्वारा छनौट गर्नुपर्नेछ। यदि परीक्षाको दिन पालिकाभित्रका सूचिकृत विशेषज्ञ उपलब्ध नभएमा चितवन जिल्लाभित्रका अन्य नगरपालिकामा सूचीकृत विशेषज्ञलाई समेत गोला प्रथा द्वारा छनौट गर्न सकिने छ।

## परिच्छेदः ३

## शिक्षक तथा विद्यालय कर्मचारी छनौट समिति

**५.शिक्षक तथा विद्यालय कर्मचारी छनौट समितिः**(१) सामुदायिक विद्यालयमा करार शिक्षक तथा कर्मचारी नियुक्तिका लागि देहाय बमोजिमको एक छनौट समिति गठन गरिनेछ।

| | |
|---|---|
| क) प्रमुख प्रशासकीय अधिकृत | -संयोजक |
| ख) अध्यक्षले तोकेको शिक्षा समितिको सदस्य १ जना | -सदस्य |
| ग) विषय विशेषज्ञहरु मध्येबाट बढीमा २ जना सम्बन्धित विषयका विज्ञ | -सदस्य |
| घ) शिक्षा शाखा प्रमुख | -सदस्य सचिव |

(२) उपदफा १ बमोजिमका छनौट समितिको सदस्यको पदावधी सो छनौट कार्य पूरा नहुदा सम्म कायम रहनेछ।

(३) शिक्षक छनौट समितिको सचिवालय गाउँपालिकामा रहनेछ।

(४) परीक्षा केन्द्र गाउँपालिकाले तोकेको स्थानमा हुनेछ।

(५) बैठक सम्बन्धी मापदण्ड समिति आफैले निर्धारण गर्न सक्नेछ।

## परिच्छेदः ४

## करार सम्झौता सम्बन्धी व्यवस्था

**६.करार सम्झौताः**(१)शिक्षक तथा कर्मचारी छनौट समितिबाट सिफारिस भएको सफल उम्मेद्वारलाई गाउँपालिकाले ७(सात) दिनभित्र करार सम्झौता गरी बढीमा एक बर्ष वा एक आर्थिक बर्षको लागि नियुक्तिपत्र दिनुपर्नेछ।

(२) सिफारिस भएको मुख्य उम्मेदवार नियुक्ति वुझेको मितिले ७ (सात) दिन भित्र विद्यालयमा हाजिर नभए गाउँपालिकाले बैकल्पिक उम्मेदवारलाई नियुक्तिका लागि दिनुपर्नेछ।

**7.करार समाप्तीः** (१) यस कार्यविधि बमोजिम करार गरिएको पद वा दरबन्दीमा स्थायी शिक्षक तथा कर्मचारी खटिई आएमा त्यस्तो व्यक्तिको करार स्वतः अन्त्य हुनेछ।

(२) करार सम्झौता गरिएको शिक्षक तथा कर्मचारीको कार्य सन्तोषजनक नभएको भनि कार्यरत विद्यालयलय वा शिक्षा शाखाले सिफारिश गरेमा अध्यक्ष वा प्रमुखले आवश्यक छानविन गर्न लगाई सफाइको मौका दिई कार्यालयले जुनसुकै अवस्थामा करारबाट हटाउन सकिनेछ।

**८. पारिश्रमिक सम्बन्धी व्यवस्थाः** छनौट समितिमा रहने सदस्यहरुले गाउँपालिकाले तोके बमोजिमको पारिश्रमिक पाउनेछन्।

## परिच्छेदः ५
## विविध

**९. यस कार्यविधि बमोजिम हुनेः** यस कार्यविधिमा लेखिएका कुराहरु यसै बमोजिम र अन्य कुराहरु प्रचलित कानुन बमोजिम हुनेछ।

**१०. बाधा अड्काउ सम्बन्धी व्वयस्थाः** यस कार्यविधि कार्यान्वयनका क्रममा बाधा अड्काउ फुकाउने र थप व्याख्या गर्ने अधिकार गाउँ कार्यपालिकालाई हुनेछ।

**११.खारेजी र बचाउः** इच्छाकामना गाउँपालिका शिक्षक छनौट कार्यविधि, २०७५ खारेज गरिएको छ।उक्त कार्यविधि अनुसार भए गरेका कामहरु यसै कार्यविधि बमोजिम भएको मानिने छ।

आज्ञाले
जगत प्रसाद भुषाल
प्रमुख प्रशासकिय अधिकृत